## मिति २०७७/०२/२१ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १ :** यस नगरपालिकाको सातौ नगरसभा बैठक संचालनका लागि बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरुको तपसिल वमोजिम कार्यतालिका स्वीकृत गर्ने ।

### आ.व. ०७७/०७८ को लागि वार्षिक योजना तर्जुमा सम्बन्धि तालिका

| क्र. सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व परामर्श समितिको वैठक | २०७७/०२/२३ र २४ गते | विहान ७:००बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| २ | विभिन्न विषयगत समितिहरुको प्रारम्भिक संयुक्त वैठक | २०७७/०२/२५ गते भित्र | विहान ८ :०० बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ३ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठक | २०७७/०२/ २६ गते | विहान ७:००बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ४ | वस्ती तथा वडा तहका योजना छनौट तथा प्राथमिकीकरण | २०७७/०२/२७ देखि ३१गतेसम्म | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ५ | विषयगत समितिहरुको वैठक | २०७७/०३/०३ देखि ५ गतेसम्म | १०:००वजे देखि ५:०० वजे सम्म | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | २०७७/०३/४ र ५देखि | १०:००वजे देखि ५:०० वजे सम्म | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ७ | कार्यपालिका वैठक बाट नीति तथा कार्यक्रम स्विकृति | २०७७/०३/६ गते | विहान ७:००बजे | नगर प्रमुख, उपप्रमुख | |
| ८ | नीति तथा कार्यक्रम पेश | २०७७/०३/७ गते | दिउँसो १ :०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| ९ | नगर कार्यपालिकाबाट बाट बजेट तथा कार्यक्रम स्वीकृत | २०७७/०३/९गते | विहान ७:०० बजे | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |
| १० | बजेट तथा कार्यक्रम पेश | २०७७/०३/१०गते | दिउँसो १ :०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| ११ | नगर सभा बाट बजेट तथा कार्यक्रम स्वीकृत | २०७७ असार भित्र | | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. २ :-** यस नगरपालिकाको वडा नं. ५ स्थित आधारभूत स्वास्थ्य केन्द्र निर्माणका लागि जनसंख्या मन्त्रालयको स्थानिय तहमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण तथा सेवा संचालन कार्यविधि अनुसार सो स्वास्थ्य चौकी निर्माणका लागि रकम प्राप्त भएकोमा उक्त भवन निर्माणाधिन अवस्थाको अन्तिम चरणमा रहेको र उक्त आधारभूत स्वास्थ्य केन्द्रलाई जतिसक्दो छिटो संचालनमा ल्याउनका लागि स्वास्थ्य केन्द्रको परिसरमा माटो पटानी गर्न अति आवश्यक देखिएकोमा उक्त आयोजनाको ठेक्का गर्दा बचत हुन आएको रकम मध्येबाट तपसिल बमोजिम रकम विनियोजन गरी कार्य अगाढि बढाउने ।

| क्र. सं | आयोजनाको नाम | प्राप्त रकम | बोलपत्र कबोल रकम | आयोजना बाट बचत रकम | विनियोजन |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण, वडा नं. ५, टीकापुर | ३८,८६,९२०।०० | २३,६९,५३२। ७७ | १५,१७,३८७।२३ | |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र परिसरमा माटो पटानी, वडा नं. ५, टीकापुर | | | | ५,००,००० |
| | जम्मा | **बाँकि रकम** | | १०,१७,३८७।२३ | |

**निर्णय नं. ३** : यस नगरपालिकाको वडा नं. २ को शहरी स्वास्थ्य खोप केन्द्र टीकापुर नगरपालिकाको वडा नं. १ स्थित आखाँ अस्पतालको छेउमा निर्माण गर्नका लागि आयोजना स्थल छनौट गरिएकोमा उक्त स्थानका सम्बन्धमा विवाद हुन गएकोले टीकापुर नगरपालिका स्थित श्री मुक्त कमैया आधारभूत विद्यालय, विजयनगर, वडा नं. २ मा शहरी स्वास्थ्य खोप केन्द्र निर्माण गर्ने ।

**निर्णय न.४** : यस नगरपालिकाको पाचौ नगरसभाबाट स्वीकृत भएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु रकम अभाव, समय अभाव लगायतका विविध कारणले संशोधन गर्नुपर्ने देखिएकोले निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने ।

| क्र. स. | स्वीकृत आयोजना कार्यक्रमको | स्वीकृत रकम | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजन रकम | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | पर्यटन सूचना केन्द्रको गेट तथा पर्खाल निर्माण, वडा नं. १ | १,००,०००। | पर्यटन सूचना केन्द्रको परिसरमा माटो पटानी, वडा नं. १ | १,००,०००। | गेट निर्माणका लागि बजेट अभाव हुने भएको |
| २ | भैपरी आउने (पूंजीगत), वडा नं. १ | १,६५,०००। | तरकारी संकलन तथा बजारीकरण केन्द्रका लागि गुरुयोजना निर्माण | १,००,०००। | गुरु योजनाको आवश्यकता परेको । |
| ३ | भैपरी आउने (पूंजीगत), वडा नं. ६ | १,००,०००। | वडा कार्यालयमा ए.सी जडान, वडा नं. ६ | १,००,०००। | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. ५ :-** जनतासँग प्रत्यक्ष सरोकार राख्ने नीतिगत, विषयगत कार्यालयको कामको प्रभाव लगायतका विषयलाई समेटी रेडियो कार्यक्रम संचालन गर्ने सम्बन्धमा सामुदायिक रेडियो टीकापुर एफ.एम,टीकापुर कैलालीले यस नगरपालिकामा प्रस्ताव पेश गरेकोमा उक्त कार्यक्रम संचालनका लागि यस नगरपालिकाको चालु आ.व. ०७६/०७७ मा जनतासँग मेयर उपमेयर कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट रु. ३,००,००। उपलब्ध गराउने ।

**निर्णय नं. ६ :-** चालु आ.व. ०७६/७७ का लागि खानेपानी संरचना निर्माण शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिमको खानेपानी सम्बन्धि संरचना निर्माण गर्ने ।

| क्र.सं. | स्वीकृत कार्यक्रम तथा आयोजना | | कायम हुने कार्यक्रम तथा आयोजना | | कैफियत |
|---|---|---|---|---|---|
| | बजेट शिर्षक | रकम | शिर्षक | रकम | |
| १ | खानेपानी संरचना निर्माण | १५,००,००० | | | |
| २ | | | टीकापुर शानाशहरी खानेपानी आयोजना सरसफाई तथा उपभोक्ता समिति, वडा नं. १, टीकापुरमा प्रयोगशाला निर्माण | ८,००,०००। | |
| ३ | | | नारायणपुर खानेपानी सरसफाई तथा उपभोक्ता समिति, वडा नं. ६, खानेपानी विस्तार आयोजना | ४,००,०००। | |
| ४ | | | बटनपुर गौडी खानेपानी आयोजना,वडा नं. ८ को परिसरमा माटो पटानी | ३,००,०००। | |

**निर्णय नं. ७ :** यस नगरपालिकाको आ.व. २०७५/०७६ र २०७६/७७ मा भएका ठेक्काहरु मध्ये केहि ठेक्काको बक्यौता रकम देखिन आएकोमा बाँकी बक्यौता असुलउपर गर्ने सन्दर्भमा मिति २०७७/०२/२० गते बसेको स्थानीय राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भए बमोजिम सम्बन्धित सँग असुल उपर सम्बन्धी कारवाही अगाढि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** यस नगरपालिका अन्तर्गत वडा स्तरीय तथा नगर स्तरका आयोजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धमा कार्य सम्पन्न भए पश्चात नगर स्तरिय अनुगमन समितिको सिफारिसमा अन्तिम भूक्तानी प्रक्रिया अगाढि बढाउने नीतिगत ब्यवस्था रहेकोमा विश्वमा देखिएको कोभिड-१९ (कोरोना भाईरस)का कारण देशमा भएको बन्दाबन्दिका कारण आयोजना तथा कार्यक्रमहरुको भुक्तानीमा ढिलाई हुन गएको साथै आर्थिक वर्षको अन्त्यमा अत्यधिक कार्यचाप समेत रहेको र सवै योजना तथा कार्यक्रमहरुमा नगर स्तरिय अनुगमन समितिबाट अनुगमन भई सिफारिस गर्न समस्या पर्न गएकोले चालु आ.व. ०७६/०७७ को हकमा रु. ५,००,०००।- (पाँच लाख) सम्मका वडा स्तरीय आयोजना तथा कार्यक्रमहरुको हकमा वडा स्तरिय अनुगमन समितिको सिफारिसका आधारमा भुक्तानी दिने ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल